# 2024सालको NEWDOOR क्यारियर (सिन्गाकु)तयारी कार्यक्रम रूपरेखा

NEWDOOR क्यारियर (सिन्गाकु)तयारी कार्यक्रम एउटा परियोजना हो जसले उच्च शिक्षा संस्थाहरूमा प्रवेश गर्न आफ्नो भविष्यको लागि कडा परिश्रम गर्न चाहने विद्यार्थीहरूलाई समर्थन गर्दछ। लक्षित विद्यार्थीहरू, जस्तै डिपेन्डेन्ट (खाजोकु ताईजाइ)भिसामा रहेका र आधिकारिक बसोबास योग्यता (कोउयोउ जाइर्यु सिखाकु) भएका र उच्च विद्यालयमा जानको लागि जसको परिवारको आर्थिक अवस्था कम्जोर छ। यसका बाबजुद पनि उनीहरूलाई छात्रवृत्ति पाउनै मुस्किलले उच्च शिक्षा संस्थामा भर्ना हुन कठिन भएको छ। यस कार्यक्रममा, (1) एक वर्षको क्यारियर वर्कसपमा आफ्नो पाठ्यक्रम र क्यारियर बारे राम्रो सँग सोच्नुहोस्,(2) जापानी भाषा र निबन्ध लेख्ने कक्षाहरूमा जापानी भाषा सीपको क्षमता सुधार गर्ने र सोच्ने क्षमतामा बढाउनुहोस्, (3) तपाईले क्यारियर (सिन्गाकु) सहयोग रकमले परीक्षा दिन सक्नुहुन्छ। यो कार्यक्रम पूर्ण रूपमा निःशुल्क छ। यद्यपि, परीक्षा स्थान सम्मको यातायात खर्च तपाई आफैले व्यहोर्नु पर्ने हुन्छ।

[विद्यार्थीहरूको आदर्श छवि]

- उच्च शिक्षा संस्थाहरूमा जाने तीव्र इच्छा भएका विद्यार्थीहरू
- विद्यार्थीहरू जो चीजहरूको बारेमा ध्यानपूर्वक सोच्छन् र आफैं सिक्ने इच्छा राख्छन्
- जापानी भाषामा कुराकानी गर्न सक्ने विद्यार्थीहरू

**【लक्षित】**

- डिपेन्डेन्ट (खाजोकु ताईजाइ) वा आधिकारिक बसोबास योग्यता (कोउयोउ जाइर्यु सिखाकु) भिसा स्थितिको कारणले गर्दा, छात्रवृत्ति वा समर्थन प्राप्त गर्न कठिनाइ भएका विद्यार्थीहरू
- उच्च शिक्षा संस्थाहरूको लागि प्रवेश परीक्षा दिन चाहने हाई स्कूल दोस्रो वर्षका विद्यार्थीहरू अथवा सो बराबरको विद्यार्थीहरू
- तपाईको घरपरिवारको आय (बुवाआमा आदि र अन्य हेरचाहकर्ताहरू) को कुल आय वा कुल आय निश्चित मानक रकमभन्दा कम वा सो बराबर हुनुपर्छ।

यदि तपाईसँग तलब आय र पेन्सन आय भएको खण्डमा, तलको तालिका ❶ मा आधारित कुल आय निश्चित मानक रकम भन्दा कम वा सो बराबर हुनुपर्छ। यदि तपाईसँग व्यवसाय आय वा विविध आय भएको खण्डमा, तलको तालिका ❷ मा आधारित कुल आय रकम निश्चित मानक रकमभन्दा कम वा सो बराबर छ भने तपाई योग्य हुनुहुनेछ। आयको आधारको रूपमा, पछिल्लो विशेष नगरपालिका कर・सिटि करको कर भुक्तानी प्रमाणपत्रको जाँच गरिन्छ। यदि तपाईसँग आधिकारिक बसोबास योग्यता (कोउयोउ जाइर्यु सिखाकु) छ र कर तिर्न बाध्य छैन भने, कृपया तपाईको रोजगारदाताबाट आयको प्रमाण पेश गर्नुहोस्। थप रूपमा, नयाँ कोरोनाभाइरस संक्रामक रोगहरू इत्यादिको फैलावटका कारण 2021सालमा तीव्र रूपमा आय घटेका परिवारहरूको लागि, तपाईको

तलबको प्रमाणपत्र (salary certificate), वार्षिक आय प्रमाणपत्र ( गेनसेनच्योउस्यु-ह्यो )आदिको वार्षिक आय पुष्टि हुने कागजातहरू पेश गर्नुहोस्।

तालिका ❶ कुल आय / तलब आय र पेन्सन आय (वार्षिक)

| घरपरिवारको संख्या | 1जना | 2जना | 3जना | 4जना | 5जना | 6जना |
|---|---|---|---|---|---|---|
| सामान्य | 1,797,000येन | 2,717,000येन | 3,343,000येन | 3,864,000येन | 4,415,000येन | 4,983,000येन |
| एकल अभिभावक | 1,797,000येन | 3,018,000येन | 3,788,000येन | 4,415,000येन | 4,832,000येन | 5,412,000येन |

तालिका ❷ कुल आय / व्यापार आय, आदि (वार्षिक)

| घरपरिवारको संख्या | 1जना | 2जना | 3जना | 4जना | 5जना | 6जना |
|---|---|---|---|---|---|---|
| सामान्य | 1,078,000येन | 1,722,000येन | 2,160,000येन | 2,551,000येन | 2,992,000येन | 3,446,000येन |
| एकल अभिभावक | 1,078,000येन | 1,933,000येन | 2,850,000येन | 2,992,000येन | 3,325,000येन | 3,789,000येन |

[कार्यक्रम सामग्री]

**(1)** क्यारियर वर्कसप

- प्रत्येक दुई महिनामा एक पटक।
- आमनेसामने र अनलाइन सत्रहरू छन्।

※आमनेसामने बैठकहरूको लागि:

टोकियो महानगरीय क्षेत्रका विद्यार्थीहरू शिन्जुकुको स्थलमा भेला हुनेछन्।

कान्साई क्षेत्रका विद्यार्थीहरू ओसाकाको स्थलमा भेला हुनेछन्।

- कृपया आमने-सामने भेटघाटको लागि आफ्नो यातायात खर्च आफैं तिर्नुहोस्।
- कृपया सम्पूर्ण तालिकामा भाग लिन निश्चित हुनुहोस्। (※80% वा सोभन्दा माथिको उपस्थिति दर भएका विद्यार्थीहरूलाई आर्थिक सहायता प्रदान गरिनेछ।)

- निम्न वर्कसप तालिकाको (योजना) छ। यदि दुई वटा मिति भएमा, निर्णय हुने बित्तिकै जानकारी दिनेछ।

| मिति | सामग्री | माध्यम |
|---|---|---|

| | | |
|---|---|---|
| मे 26,(आइत ) दिउँसो | ・किक अफ<br>・1 वर्षकोलागि तपाईंको संकल्पहरूको बारेमा कुरा गर्नुहोस्। | प्रत्येक आधारमा आमनेसामने |
| जुलाई 14,(आइत ) बिहान | ・प्रवेश परीक्षा लिन र उच्च शिक्षामा प्रवेश गर्न लाग्ने लागतहरूको बारेमा जान्नुहोस्। | अनलाइन |
| अगस्ट महिनाको तेस्रो वा चौँठो हप्ता | ・वास्तवमा विश्वविद्यालय हेर्नु भई, विश्वविद्यालयका विद्यार्थीहरू र शिक्षकहरूको अनुभवहरू सुन्न सक्नुहुन्छ। | आमनेसामने ※टोकियोमा आवास उपलब्ध छ |
| सेप्टेम्बर 29, (आइत) बिहान | ・सामान्य कम्पनीहरूमा काम गर्ने सेनपाईसँग आदानप्रदान बैठकहरू मार्फत कसरी बाँच्ने र सोच्ने सिक्नुहोस्। | अनलाइन |
| अक्टोबर 27, (आइत) | ・अभिभावकहरूको लागि निवासको स्थिति र उच्च शिक्षा खर्च परामर्श बैठक(थप शिक्षाको लागि कोष योजना) | अनलाइन ※अभिभावक सहभागी |
| नोभेम्बर 17,(आइत) बिहान | ・कम्पनीमा काम गर्ने सेन्पाई सँगको आदानप्रदान कार्यक्रम मार्फत उनीहरूको जीवन शैली र सोच्ने तरिका बारे जान्नुहोस्। | अनलाइन |
| जनवरी 19,(आइत) बिहान | ・ शिल्पकारको रूपमा काम गर्ने सेनपाइसँगको आदानप्रदान बैठक मार्फत जीवन शैली र सोच्ने तरिकाको बारेमा जान्नुहोस्। | अनलाइन |
| मार्च 9 (आइत) दिउँसो | ・1वर्षको लागि आफ्नो सिकाइमा प्रतिबिम्बित गर्नुहोस्। | प्रत्येक आधारमा आमनेसामने |
| अप्रिल 6, (आइत) दिउँसो | ・तपाईंले आफ्नो तेस्रो वर्ष कसरी बिताउनुहुनेछ भन्ने छवि स्पष्ट गर्नुहोस्। | प्रत्येक आधारमा आमनेसामने |

(2) जापानी भाषा /निबन्ध लेखन कक्षा

・ महिनामा एक वा दुई पटक अनलाइन अध्ययन गर्नुहोस्। कक्षा महिनामा एक पटक आयोजित हुन्छ, तर गृहकार्य पनि हुन्छ।

・कक्षा मिति शिक्षक संग परामर्श गरि तय गरिनेछ।

・कृपया सम्पूर्ण तालिकामा भाग लिन निश्चित हुनुहोस्। (※80% वा सोभन्दा माथिको उपस्थिति दर भएका विद्यार्थीहरूलाई आर्थिक सहायता प्रदान गरिनेछ।)

・ 2024साल जुन महिनाबाट सुरु गर्नेछ।

・शिक्षण सामग्री विद्यार्थीको जापानी भाषा क्षमता र निबन्ध लेखन क्षमता अनुसार निर्णय गरिनेछ।

・ शिक्षकसँग लाइन मार्फत कुराकानी गरिनेछ।

・स्मार्टफोन होइन,ट्याब्लेट वा कम्पुटर र इन्टरनेट वातावरण आवश्यक छ।

※ ट्याब्लेट वा कम्पुटर यदि सुरक्षित गर्न गाह्रो छ भने कृपया हामीलाई सम्पर्क गर्नुहोस्।

(3) परीक्षा समर्थन रकम

・क्यारियर कार्यशाला र जापानी・प्रत्येक रचना कक्षामा 80% वा सोभन्दा बढी उपस्थिति दर भएका विद्यार्थीहरूका लागि,निम्न तीन उद्देश्यका लागि कोष प्रदान गरिएको छ:

(1) उच्च शिक्षाका संस्थाहरूको लागि परीक्षा शुल्क

②परीक्षासँग सम्बन्धित यातायात र आवास खर्च

③ थप शिक्षासँग सम्बन्धित अन्य खर्चहरू (भर्ना शुल्कको एक अंश, आदि)

हामीले माथिका तीनवटा प्रयोगहरूको लागि वास्तविक खर्चको लागि 100,000 येन सम्म तिर्नेछौं।

・ रसिद पेश गर्न आवश्यक छ।

**[चयन प्रक्रिया ]**

① देखि ③ को क्रममा सहभागी हुन र पेश गर्न निश्चित हुनुहोस्।

② व्यक्तिगत व्याख्या सेसन (फेब्रवरी देखि मार्च )

・अभिभावक र विद्यार्थीको लागि लक्षित गरेर कार्य गर्छौं।

・कार्यक्रमको बारेमा व्याख्या गर्नेछ।

③ ②कागजात पेश गर्ने (फेब्रवरी देखि मार्च महिना ) महिना

・कृपया सहभागिताको लागि आवश्यक कागजातहरू पेश गर्नुहोस्।

※कृपया निम्न मध्ये एउटा पेश गर्नुहोस्।

・कर सम्बन्धी प्रमाणपत्र वा कर छुट प्रमाणपत्र (वार्ड अफिस वा सिटी हलको कर विभागमा प्राप्त गर्न सकिन्छ)

・आधिकारिक व्यवसाय, इत्यादिका कारण निवासी कर तिर्न बाध्य नभएका व्यक्तिहरू।

・अभिभावकको तलब देखाउने कागजात

③・मौखिक अन्तर्वार्ता ( अप्रिल महिना )

・अन्तर्वार्ता संस्थाको निर्देशक, इन्चार्ज संयोजक, र सम्बन्धित पक्षहरूले गर्नेछ।

・अन्तर्वार्ता विद्यार्थीहरूको लागि आमनेसामने हुनेछ।

**【क्षमता】**

・महानगरीय क्षेत्र र कन्साई क्षेत्रबाट जम्मा 6 जना

・टोकियो महानगरीय क्षेत्र: 3 जना ( टोकियो शिन्जुकुको स्थलमा आउन सक्ने ), कन्साई क्षेत्र: 3 जना (ओसाका सिटिको स्थलमा आउन सक्ने )